नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ

Website:- www.piubajhang.pmamp.gov.np
Email:- pmamp.piu.bajhang@gmail.com
फोन नं.:- ०९२-४२१३०४

प.सं. ०८२/८३
च.नं. १३९

मितिः २०८३/०३/०२

श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, बझाङसंग सम्झौता भई कार्यक्रम कार्यान्वयन गरिरहेका लाभग्राहीहरु(सबै),

श्री सम्वन्धित सरोकारवाला(सबै), कार्यक्रम कार्यान्वयन एकाइ, बझाङ।

**विषयः चालु आ.व.२०८२/८३ मा भुक्तानी सिमा तथा खाता बन्द हुने सम्बन्धमा।**

प्रस्तुत विषयमा आ.व.२०८२/८३ मा यस कार्यालयबाट संचालित योजना तथा कार्यक्रमहरुको भुक्तानी सम्वन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३० वमोजिम भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अधावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। यधपि वर्षातको मौषम, विधुत तथा इन्टरनेट सेवामा आईपर्ने समस्या तथा भुक्तानीको लागि प्रयोग हुने IPFMS सर्भरमा अत्याधिक कार्यचाप हुन गई IPFMS को सर्भर न्यून गतिमा चल्ने तथा डाउन हुने लगायतका समस्या आइपर्ने भएकोले, सम्वन्धित व्यक्ति तथा शाखाका कर्मचारी, आपूर्तीकर्ता, सेवा प्रदायक संस्था, अनुदान साझेदारी लाभग्राही र सरोकारवाला सबैले सम्पूर्ण प्रक्रिया पुरा गरी २०८३/०३/१५ गते कार्यालय समयभित्र अनिवार्य कागजातहरु पेश गरी भुक्तानी लिई सक्नुपर्ने छ। सो अवधी भित्र भुक्तानी नलिई निकासा बन्द भएमा कार्यालय जिम्मेवार नहुने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

...................
चरित्र नारायण यादव
कार्यालय प्रमुख

**बोधार्थः**

श्री योजना शाखाः वेवसाईटमा अपलोड गर्नुहुन।

“आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औधोगिकीकरण”